आज मिति २०६३ साल भाद्र २० गते नेपाल सरकार मन्त्रीपरिषदको मिति २०६३।४।१२ को निर्णय एवं श्री स्था० वि० मन्त्रालय नेपाल सरकार मन्त्री स्तरको मिति २०६८।३।१४ को निर्णय तथा स्थानीय विकास मन्त्रालय स्थानीय नि काय सहयोग शाखाको च. नं. २६३ मिति २०६८।३।२० को पत्रानुसार कार्यकारी अधिकृत श्री निरनु भट्टराईज्यूको अध्यक्षतामा तपसिलको उपस्थितीमा नगरपालिका बोर्ड बैठक बसी देहायबमोजिम को निर्णय गरीयो।

उपस्थिती

कार्यकारी अधिकृत श्री निरन भट्टराईज्यू क.ब.न.पा.का.

आमन्त्रित

१- चण्डी प्रसाद देव योजना शाखा प्रमुख
२- बलराम न्यौपाने आर्थीक प्रशासन शाखा प्रमुख
३- पदमराज श्रेष्ठ सामाजिक विकास शा. प्रमुख
४- नारायण चौधरी भौतिक पुर्वाधार उप शा. प्रमुख
५- सुबास गौतम राजश्व शाखा प्रमुख
६- गौतम शाक्य योजना शा. उप प्रमुख
७- जीवनाथ पाण्डेय जिन्सी उप शा. प्रमुख
८- रोशन गिरी प्रशासन उप शा. प्रमुख

निर्णय नं. १=

कपिलवस्तु नगरपालिका कार्यालयका दमकल सवारी चालक इशहार खाँ ले आफ्नो पद बाट राजिनामा दिई हाल उक्त पद रिक्त रहेकोले स्वीकृत दरबन्दी २ दुई मध्ये एक जना बाट मात्र २४ से घण्टा सेवा दिन असमर्थ हुने देखिएकोले सवारी चालक राजेन्द्र बारीलाई दिइएको जिम्मेवारीको अतिरिक्त दमकलको जिम्मेवारी प्रदान गर्ने र सो वापत निजलाई साबिकमा दमकल सवारी चालक ले प्राप्त गरिरहेको रासन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २=

बजार क्षेत्रमा छाडा छोडिएका चौपाया नियन्त्रणको लागि महिना दोरव E.M. बाट सुचना प्रसारण भईरहेको समय-समयमा माइकिङ भईरहेको र समय-समयमा पक्राउ गरी जरिबाना गरी छोडिएको मा पटक-पटक गरिएको नगरपालिकाले गरेको अनुरोध लाई बेवास्ता गरी बजार क्षेत्रमा पशु पंक्षी छाड्ने प्रवृत्ति बढ्दै

मा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने, सार्वजनिक पक्राउ गरिएका चौपायाको मुल्याङ्कनका लागि देहाय बमोजिम का कर्मचारीहरु रहने गरी मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो।

१ - जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि

२ - जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि

३ - जिल्ला पशु सेवा कार्यालयको " "

४ - कपिलवस्तु नगरपालिकाका.को कार्यकारी अधिकृत "

निर्णय नं. ३=

नगर विकास कोष र यस कपिलवस्तु नगरपालिका बिच भएको सम्झौता बमोजिम सौर्य उर्जामा आधारित स्ट्रकबत्ति जडान कार्य सम्पन्न भइसकेको र तहाँ बाट पहिलो किस्ता स्वरुप १८,९७,५२४।-अठार लाख सन्तानब्बे हजार पाँच सय चौबिस प्राप्त भइसकेको र कार्य सम्पन्न प्रतिवेदन को आधारमा ५२,७०,९००।-बाउन्न लाख सत्तरी हजार नौ सय मा ठेकेदार पक्ष लाई भुक्तानी गर्नु पर्ने हुदा १०% यस कार्यालय बाट बेहोर्ने रकम र तहाँ बाट पहिलो किस्ता स्वरुप प्राप्त रकम घटाइ बाँकी रकम उपलब्ध गराई दिन नगर विकास कोषमा अनुरोध गरी पठाउने निर्णय गरियो।

निर्णय नं.४=

यस नगर पालिका बाट भवन निर्माण मापदण्ड २०६२ बमोजिम नक्सा पासको प्रकृयालाई व्यवस्थित तरिकाले अगाडि बढाउने प्रयास भई रहेको सन्दर्भमा उक्त प्रावधान लाई आम जनमानसमा जनचेतना बढाउने २०६४ बैशाख १ गते देखी कडाइ साथ लागु गर्ने र सो को लागि मापदण्ड बिपरित निर्माण भएका घरहरुलाई ०६३ चैत्र मसान्त सम्म घर दैलो तथा रेडियो कार्यक्रम माध्यम बाट जे जस्तो अवस्थामा निर्माण भएको छ। सोही बमोजिम नक्सा पास तथा नियमित गर्ने र ततपश्चात मापदण्ड बिपरित निर्माण भएका घरको सम्वन्धमा कुनै प्रकृया अगाडी न बढाउने निर्णय गरियो।